छाप्रो नं. ५५ उपन्यासमा डायस्पोरिक प्रवृत्ति

✍ केशव निरौला
(सहायक प्राध्यापक, उर्लाबारी बहुमुखी क्याम्पस)

सार

लामो समयसम्म नेपालभित्रै भुटानी शरणार्थीका रूपमा रहेका रमेश दियालीले अमेरिका बसेर तयार पारेको 'छाप्रो नं ५५' उपन्यासमा नेपाली डायस्पोरिक जीवन सङ्घर्षबारे प्रकाश पारिएको छ । यसमा नेपाली डायस्पोरिक उपन्यासमा पाइने धेरैजसो अभिलक्षणहरू प्रतिविम्बित भएका छन् । गङ्गा दमाईको जीवनयात्रा र मोडहरूसँगै त्यस्ता डायस्पोरिक अभिलक्षणले सार्थकता पाउँदै गएका छन् । एकातिर भुटानबाट नेपाल बस्नुपर्दाका अनुभूति र भोगाइहरू तथा अर्कातिर नेपालबाट अमेरिकाको सियाटलमा बस्नुपर्दाका भोगाइ तथा अनुभूतिहरू नै यसका प्रमुख विषय रहेका छन् । यसकारण प्रस्तुत उपन्यासमा डायस्पोरिक सिद्धान्तका दृष्टिले केकस्ता अभिलक्षणहरू पाइन्छन् तथा डायस्पोरिक प्रवृत्तिका दृष्टिले उपन्यासको मूल्याङ्कन कसरी गर्न सकिन्छ भन्ने किसिमबाट समस्या निर्धारण गरी तिनै समस्याको समाधान गरिएको छ । त्यसका लागि पुस्तकालयबाट प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन भएका छन् । प्राथमिक स्रोतका रूपमा रमेश दियालीद्वारा लिखित 'छाप्रो नं. ५५' उपन्यासलाई र द्वितीयक स्रोतका रूपमा डायोस्पोरिक सिद्धान्त तथा विश्लेषणीय आधारमा केन्द्रित सामग्रीलाई लिइएको छ । यसरी प्राप्त सामग्रीकै भरमा यहाँ विश्लेषण प्रक्रिया अगि बढाउन नेपाली डायस्पोरिक उपन्यास विश्लेषणसम्बन्धी सैद्धान्तिक आधारहरू चयन गरिएका छन् । अतः स्थापित डायस्पोरिक सिद्धान्तका आधारमा विश्लेषण गरिएको यो आलेख गुणात्मक प्रकृतिको बनेको छ । भुटानी शरणार्थीका लागि नेपाली र अमेरिकी दुवै परिवेशको जीवन भोगाइ उस्तै डायस्पोरिक रहेको र 'छाप्रो नं ५५' उपन्यासमा समेत यस्तै प्रवृत्ति पाइएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शब्दकुञ्जी : आइओएम, डायस्पोरिक, निर्वासन, ब्लड क्यान्सर, सीमान्तीयता ।

विषयप्रवेश

रमेश दियालीको पहिलो उपन्यास *छाप्रो नं ५५* (२०७५) हो । यस उपन्यासमा विद्यमान डायस्पोरिक प्रवृत्तिको विश्लेषण गर्नु प्रस्तुत लेखको मुख्य विषयवस्तु हो । यसमा भुटानी शरणार्थीहरूको डायस्पोरिक जीवन अवस्थाबारे चित्रण गरिएको छ । उपन्यासभित्रका धेरैजसो अंश मोरङको पथरी र झापाको बेलडाँगी शरणार्थी शिविरसँग गाँसिएका छन् भने केही अंश मात्र अमेरिकाको सियाटलसँग गाँसिएर आएका छन् । यसकारण प्रस्तुत उपन्यासमा दुई क्षेत्रसँग सम्बद्ध विषयवस्तु पाइन्छ । पहिलो

कुरा नेपाली मूलका भुटानीहरूले पूर्वी नेपालका विभिन्न भागमा शरणार्थीका रूपमा जीवन बिताउँदाको विषयसँग केन्द्रित छ । त्यस्तै दोस्रो कुरा चाहिँ प्रवासनपछिको डायस्पोरिक जीवन भोगाइसँग सम्बद्ध विषयवस्तुमा आधारित छ । सन् १९९० को दशकदेखि नेपाली मूलका भुटानीहरूले भुटानमै आफ्नो हकअधिकारका लागि सङ्घर्ष गर्नुपर्दा देशबाट लखेटिनुपरेको थियो । जबरजस्ती देशनिकाला गरिएका भुटानीहरूलाई नेपालको सीमानाकामा ल्याएर छोडिएको थियो । तैपनि, स्वदेशप्रतिको अनुराग र राष्ट्रवादी चिन्तनका कारण उनीहरूले बारम्बार भुटान फर्किने कोसिस गरिरहे तर कसैलाई भारतीय नाकाबाट फर्किन दिइएन । त्यसपछिको लगभग दुई दशक लामो जीवन भुटानी शरणार्थीका रूपमा बिताउनुपर्दाका भोगाइ, अनुभूति र सङ्घर्ष आदि नै यहाँ मुख्य रूपमा औपन्यासिक विषयवस्तु बनेर आएका छन् । त्यस्तै आइओएमको मध्यस्थताले कालान्तरमा उनीहरूलाई अमेरिकालगायत भूमिमा प्रवासन गराइसकेपछि पुनः अर्को किसिमबाट उनीहरूको जीवनले नयाँ मोड पाएको अवस्थालाई देखाइएको छ । यसकारण प्रस्तुत उपन्यासमा भुटानी शरणार्थीले दुई क्षेत्रमा गरेका सङ्घर्षका कथाव्यथाहरू नै समेटिएका छन् । भुटानबाट नेपाल बस्नुपर्दा होस् वा नेपालबाट अमेरिका बस्नुपर्दा होस् भुटानी शरणार्थीमा गृहस्मृति, अतीतमोह, सीमान्तीयता, उत्पीडन, अस्तित्वखोजी, एकसूत्रताको अभियान, द्वैध मानसिकता, द्वैध संस्कृति, रोमाञ्चता तथा एकान्तिकता आदि विभिन्न प्रवृत्तिहरू देखा परेका छन् । उल्लिखित प्रकृतिका प्रवृत्तिहरू आफैमा डायस्पोरिक किसिमका हुने भएकाले यस उपन्यासमा डायस्पोरिक अभिलक्षणहरू केकस्ता छन् र तिनको मूल्याङ्कन कसरी गरिन्छ भन्ने विषयलाई अनुसन्धानको विषय बनाइएको छ । यद्यपि डायस्पोरिक मान्यताबारे नेपाली समालोचना क्षेत्रमा सैद्धान्तिक परिचर्चा भए पनि *छाप्रो नं ५५* कै सापेक्षतामा कहीँकतै यस्तो विश्लेषण नभएकाले यो आफैमा नयाँ किसिमको गुणात्मक ढाँचामा आधारित अनुसन्धानको विषय बनेको छ । साथै अनुसन्धानको उद्देश्यअनुरूप विश्लेषण गरिएकाले यो अध्ययन आफैमा औचित्यपूर्ण बनेको छ भने *छाप्रो नं ५५* उपन्यासमा आधारित डायस्पोरिक प्रवृत्तिको मात्र विश्लेषण गर्नु यस अनुसन्धानको सीमा रहेको छ ।

अध्ययनविधि

उपन्यासमा डायस्पोरिक प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन गर्नु एउटा सैद्धान्तिक प्रकृतिको अनुसन्धानात्मक विषय हो । रमेश दियालीको *छाप्रो नं. ५५* उपन्यासमा डायस्पोरिक प्रवृत्तिको विश्लेषणमा आधारित प्रस्तुत आलेखका लागि पनि सैद्धान्तिक मान्यतालाई आधार बनाइएको छ । त्यस क्रममा पुस्तकालयबाट *छाप्रो नं. ५५* उपन्यासलाई प्राथमिक स्रोत तथा डायोस्पोरिक सिद्धान्तका स्थापित मान्यतामा आधारित पुस्तक एवम् पत्रपत्रिका आदिलाई द्वितीयक स्रोतका रूपमा सामग्रीहरू सङ्कलन गरिएको छ । यसरी पुस्तकालबाट प्राप्त सामग्रीको उपयोग गर्दै *छाप्रो नं. ५५* उपन्यासमा पाइने डायस्पोरिक प्रवृत्तिको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा कतिपय विवरणात्मक वा वर्णनात्मक तथा उद्देश्यपूर्ण छनोट विधिसहित गुणात्मक ढाँचाको पनि उपयोग गरिएको छ ।

छाप्रो नं. ५५ उपन्यासमा डायस्पोरिक प्रवृत्ति

सैद्धान्तिक पर्याधार

ग्रिसेली भाषामा करिब ३००० वर्षपहिले प्रयोग भएको डायस्पोरा शब्दको समयअनुसार अर्थविस्तार हुँदै आएको छ । भाषा, संस्कृति वा मान्छेको हिँडाइका तात्पर्यमा प्रयोग भएको यस शब्दको इतिहास निकै लामो रहेको मानिन्छ । पहिले ग्रिसमा वनस्पतिका क्षेत्रमा बोटबिरुवाको बिउ छरिनु, विज्ञानका क्षेत्रमा तापका कारणले अल्मुनियम अक्साइडका कणहरू छरिनु वा फैलिनु भन्ने अर्थमा र पछि मानिसको निर्वासन, विस्तार वा फैलावटका अर्थमा यस शब्दको प्रयोग गरिएको थियो । यसरी प्रकृति र मानिसको बसाइँसराइसम्बन्धी भावनात्मक सम्बन्धसँग गाँसिएर डायस्पोरा शब्दको प्रयोग परम्परा विकसित हुँदै आएको मानिन्छ (लुइटेल, २०७९ : १२) । त्यसपछिका दिनहरूमा अलेक्ज्यान्ड्रिया, दक्षिणी युरोप र एसिया माइनर आदिमा भएका स्थानान्तरणसम्बन्धी घटनाक्रमहरूसँग यसको अर्थगत सम्बन्ध विस्तार हुँदै गएको हो । यसरी गृहदेशीय अतिक्रमणसँगै बेलायत, अमेरिका, जापान, बेल्जियम, अस्ट्रेलिया आदि जुनसुकै मुलुकमा पनि परदेशीय हुने क्रमका आधारमा डायस्पोराको ऐतिहासिक तथा प्रवृत्तिगत पहिचान निर्धारण गर्ने प्रवृत्तिसमेत बढेको भेटिन्छ ।

विश्वका अनेक मुलुकमा नेपाली डायास्पोरा छरिएको पाँच दशकभन्दा बढी भइसकेको छ । त्यसैक्रममा नेपाली डायस्पोरा साहित्यले पनि परदेशमा बसोबास गर्ने नेपालीहरूको कथाव्यथालाई समेट्दै आएको पाइन्छ । यस्तो नेपाली डायस्पोरिक साहित्यमा पुर्ख्यौली थलोलाई विभिन्न कारणले छोड्दै टाढा टाढा अपरिचित मुलुकमा बसोबास गर्नुपर्दा बेहोरिने समस्या र उपलब्धिहरू उल्लेख भएका छन् । खासगरी गृहस्मृति वा अतीतमोह, द्वैध मानसिकता, उत्पीडन, अस्तित्वखोजी, द्वैध संस्कृति तथा रोमाञ्च आदि अनेक प्रवृत्तिका साथ यस्ता नेपाली डायस्पोरिक साहित्यहरू लेखिँदै आएका छन् । वास्तवमा विविध कारणले अन्य मुलुकमा पुगेर डायस्पोरा बनेका व्यक्तिहरूमा विदेशीभूमि वा गन्तव्यभूमि अनौठो लाग्नु, अनिश्चिततामा रुमलिनु, गृहभूमिको यादले सताउनु, गृहभूमिका फर्कने चाहना हुनु तर फर्किन नसक्नु जस्ता चिन्ता र पीडाले सताएको हुन्छ (लुइटेल, २०७९ : १०५-१०६) । त्यस्ता व्यक्तिको मनोदर्शा द्वैध किसिमको हुने भएकाले डायस्पोरिक साहित्यमा आएका पात्रहरू मानसिक रूपले निर्वासित हुन्छन् अथवा सबै कुरा माया मारेर विशाल सागरमा हाम्फालेका हुन्छन् । एक प्रकारको कारागारमा यताको उत्पीडनभन्दा टाढा तर अर्को उत्पीडनले घेरिएर रहेका हुन्छन् (भट्टराई, २०६४ : ११९-१२०) । आफ्नो घरपरिवार, आफन्त, साथीभाइ, इष्टमित्रलगायत देशै छोडेर अर्काका मुलुकमा गई केही समय बसोबास गरिसकेपछि तिनलाई निराशा र एक्लोपन वा बिरानोपनको अनुभूति भई चिन्ता र पीडा पैदा हुन्छ (लुइटेल, २०७९ : १०३) । यसरी आप्रवासीहरूमा आफ्नो गृहभूमिको सम्झनाका कारण मन यता र तन उता भई मानसिकता नै विभाजित हुन्छ । पुर्ख्यौली भूमिको संस्कृतिस्मृति वा मोह त्याग्न नसकी चिन्तित हुने तथा गन्तव्य वा पराई भूमिको संस्कृति पनि अनुसरण गर्न नसक्ने वा गर्न नजान्ने दोहोरो

मानसिकताका कारण आफ्नो पहिचान सङ्कटग्रस्त हुन पुगेको ठानी तिनको मानसिकता विभाजित हुन्छ र आफ्नो जन्मघर फर्कौं कि उतै बसौँ भन्ने द्वैध मानसिकताको अवस्थामा पुग्छन् (लुइटेल, २०७९ : १२३) । यसबाट उनीहरूमा एक किसिमबाट द्वैध सांस्कृतिक चेतनाको निर्माण भइरहेको हुन्छ । यद्यपि विदेश जान लालायित व्यक्तिहरूमा भिसा पाउनुअगिको उत्सुकता र उत्साह भिसा पाएपछि हर्ष र रोमाञ्चमा परिणत हुन्छ र तिनीहरू गन्तव्य मुलुकका बारेमा अनेक कल्पना गर्न थाल्छन् (लुइटेल, २०७९ : १०३) । साथै भिन्न भिन्न सभ्यता र संस्कृतिका मानिस एकै ठाउँमा भेट हुँदा तेस्रो संस्कृतिलाई आत्मसात् गर्नुपर्ने परिस्थितिमा पुग्छन् । यसरी नयाँ संस्कृति स्विकार्नुपर्दा त्यस्ता मानिसलाई भय, चिन्ता र असुरक्षाले छोप्दछ (भट्टराई, २०६४ : १८३) । त्यस्तै अर्काको देशमा अस्तित्वविहीन, परिचयविहीन र शक्तिविहीन भएर बस्नुपर्दा तिनले आफूलाई त्यहाँको समुदायबाट हेपिएको, थिचिएको, मिचिएको, किनाराकृत, सीमान्तीकृत तुल्याएको, हर क्षेत्रमा पछाडि पारी अवसरबाट वञ्चित गरिएको परिचयविहीन र आवाजविहीन तुल्याइएको पीडाबोध गर्छन् (लुइटेल, २०७९ : १०७) । साथै मूल थलोको आफ्नो भौगोलिक, ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई छोड्दै गएकाले तिनमा एकप्रकारको घरबारविहीनताको भावले छोपिरहेको हुन्छ र तिनले आफूलाई एक्लो मात्र अनुभव गरिरहेका हुन्छन् । तिनलाई बिरानोपनले सताइरहेको हुन्छ (भट्टराई, २०६४ : ११९) । तिनीहरू अल्पसङ्ख्यक समुदाय हुनाले त्यहाँ सधैँ आफ्नो अस्तित्व निर्माण गर्ने क्रमलाई जारी राख्छन् तर स्थानान्तरण कालदेखि नै तिनमा दुई भिन्न धर्म, भाषा र संस्कृतिको अन्तरमिश्रणका कारणले कहिल्यै पूर्ण हुन सकेको पाइँदैन (राई र तेम्बे, २०७२ : ५८) । त्यस्ता व्यक्तिको भूमि मात्र नभएर मानसिकता पनि विभाजित हुन्छ वा मानसिकतामा द्वैधता सिर्जना हुन्छ । तिनले आफू बसोबास गरिरहेको भूमिलाई आफ्नो ठान्न सक्दैनन् र तिनका मनमा पहिचानको सङ्कट पैदा हुन्छ (लुइटेल, २०७९ : १२१) । वास्तवमा उल्लिखित किसिमबाट नेपाली डायस्पोराको जीवनपद्धति अगि बढिरहने हुनाले नेपाली साहित्यमा समेत यस्तै डायस्पोरिक प्रवृत्तिहरू स्वतः समावेश हुँदै गएका छन् । अतः यो विवेच्य उपन्यास *छाप्रो नं.५५* मा उक्त प्रकारकै अभिलक्षणहरू पाइएकाले यहाँ सोहीबमोजिम विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

छाप्रो नं ५५ मा डायस्पोरिक अभिलक्षण

नेपाली डायस्पोरिक उपन्यास लेखनले विश्वका विभिन्न स्थानहरूमा प्रभाव पारिहेको छ । अमेरिका, युरोप तथा विश्वका विभिन्न देशहरूमा नेपाली डायस्पोरिक उपन्यासहरू धमाधम लेखिँदै आएका छन् । त्यसैक्रममा होमनाथ सुवेदी, राजव, पञ्चम अधिकारी, सानु घिमिरे, भारती गौतम, नीलम कार्की, सन्तोष लामिछाने, रमेश दियालीलगायतका कैयौँ उपन्यासकारहरू प्रकाशित भएका छन् । त्यस्तै नेपाली डायस्पोरिक साहित्यका बारेमा सैद्धान्तिक परिचर्चा गर्नेहरूको सूची पनि लामै छ । तिनमा गोविन्दराज भट्टराई, खगेन्द्रप्रसाद लुइँटेल, होमनाथ सुवेदी, रक्ष राई, मिजास तेम्बे, राजेन्द्र सुवेदी, लक्ष्मणप्रसाद गौतम, नेत्र एटम, कृष्ण बजगाई, गोविन्दसिंह रावत, लीला लुइटेल, पूरण राई

छाप्रो नं. ५५ उपन्यासमा डायस्पोरिक प्रवृत्ति

आदि उल्लेखनीय रहेका छन् । त्यसैले प्रस्तुत आलेखभित्र *छाप्रो नं.५५* मा विद्यमान सीमान्तीयता र उत्पीडन, गृहस्मृति र अतीतमोह, अस्तित्वखोजी र एकसूत्रता, द्वैध मानसिकत र द्वैध संस्कृति तथा रोमाञ्च र एकान्तिकता आदि डायस्पोरिक प्रवृत्तिका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

छाप्रो नं ५५ को वस्तुविन्यास र डायस्पोरिक चेतना

छाप्रो नं ५५ (२०७५) मध्यम आकारको उपन्यास हो । यसको पहिलो संस्करणमा २३० पृष्ठ र १६ विश्रामहरू रहेका छन् । प्रारम्भदेखि १४ विश्रामसम्मको विषयवस्तुले मोरङ र झापामा रहेका नेपाली मूलका भुटानी शरणार्थीहरूको जीवन अवस्थामाथि प्रकाश पारेको छ । अन्त्यतिरका दुई विश्रामले मात्र अमेरिकाको सियाटलसँग गाँसिएको विषयवस्तुलाई समेटेको छ । उपन्यासकी प्रमुख पात्र अर्थात् नायिका गङ्गा दमाई हुन् । उनकै माध्यमबाट यी दुवै परिवेशको चित्रण भएको छ । उनी नै यस उपन्यासकी प्रमुख समाख्याता हुन् । उनको बाल्यकाल, किशोरावस्था, वैवाहिक जीवन, विधवापन र स्थानान्तरणसहित नयाँ जीवन यात्राको चित्रणसँगै औपन्यासिक विषयवस्तु टुङ्गिएको छ ।

उपन्यासको प्रारम्भ मोरङको पथरीमा रहेको भुटानी शरणार्थीको छाप्रो नं ५५ बाट भएको छ । त्यस्तो छाप्रो जसमा बाँसका चित्रा बेरिएका छन् र छतमा पालले समेत ढाकिएको छ । पानी पर्दा अर्थात् वर्षाको समयमा छाप्रोभित्र पानी चुहिनु स्वाभाविकै थियो । एकदिन हावाहुन्डरीका कारण शिविरका छाप्राहरू उडाइदिएपछि शिविरभित्रको अवस्था कहालीलाग्दो बन्दछ । छाप्रो नं ५५ मा रहेकी सानी बालिका गङ्गा र उनका बुढा भइसकेका बिरामी बाउ झन् बढी प्रभावित हुन्छन् । बाँस र पालले भोलिपल्ट जसोतसो छाप्रो ढाकिन्छ । त्यस्तै गङ्गा सानै भएकीले एकअर्को सेक्टरबाट भेला भएका बालबालिकासँग खेल्ने गर्छिन् । त्यसैक्रममा अर्को सेक्टरको देव विकसँग गङ्गाको चिनजान हुन्छ । दिन बित्दै जाँदा बुढा भएका बाउबाट विगतका कहालीलाग्दा कुराहरू पनि सुन्दै जान्छिन् । कसरी भुटानको गेलेफु अस्पतालमा गङ्गाको जन्म हुँदा उनकी आमाको मृत्यु भएको थियो । कसरी भूमिसुधार आन्दोलन र हकअधिकारका कुराले नेपालीहरू भुटानबाट लखेटिनुपरेको थियो ...आदि आदि । गङ्गाको उमेरसँगै भोगाइ र अनुभूतिहरूमा परिवर्तन हुन थाल्छ । उनलाई पानी भर्न जाँदा युवादेखि अधबैँसेहरूसम्मले जिस्क्याउने गर्छन् । दमाई भए पनि बाहुनीजस्ती भन्ने वाक्यहरू सुन्नुपर्दा उनको मनमा चोट पर्छ । उनी दमाई र बाहुनमा के फरक होला भन्ने जिज्ञासाका साथ आक्रोश पोख्छिन् पनि । जस्तोसुकै अप्ठ्यारो परिस्थितिमा पनि उनी बुबाबाट रामायण सुन्न र विद्यालयको पढाइलाई निरन्तरता दिइरहन पछि पर्दिनन् ।

गङ्गाको जीवनमा एकातिर बुढा बाउको स्याहारसुसार, अर्कातिर रासनपानीको जोहो र किशोर अवस्थामा हुने शारीरिक तथा मानसिक परिवर्तन आदिले बिस्तारै प्रभाव पार्न थालेको हुन्छ । त्यसमा पनि सुवेदी आमै र साधुजस्ताको सामाजिक विभेदपूर्ण व्यवहारले उनी अस्तित्वको खोजीका लागि अभिप्रेरित हुन पुग्छिन् । त्यस्तै देवसँगका सिसौघारी, पथरी बजार, पानीट्याङ्की, हस्पिटलडाँडा,

वनभोजका लागि चयन गरिएको डाँस खोलामाथिको चिसापानी र पथरीकै कञ्चन चलचित्रमा बिताइएका क्षणहरू उनका लागि अविस्मरणीयझैँ बन्ने गर्छन् । तर, अचानक देव बाग्लुङ गएपछि उनको जीवनमा अर्को नयाँ मोड आउँछ । उनी विगत सम्झँदै वर्तमान भोग्न बाध्य हुन्छिन् । बेलडाँगी शिविरका हर्कबहादुरसँग नचाहँदा नचाहँदै पनि परिस्थितिवश उनको विवाह हुन्छ र त्यतै बस्न थाल्छिन् । उनीभित्र बिरामी बाउ छोड्दाको र देवको अभावले बेचैनी बनाइरहन्छ । त्यसमा पनि लोग्ने गुजराततिर कमाउन जानु र सासूससुराले घरमा रुखो व्यवहार गर्न थाल्नुबाट उनी झनै कमजोर बन्न पुग्छिन् । पीडैपीडाका बिच उनको जीवन यात्रा चलिरहन्छ । लामो समयदेखि पतिको कुनै चिठीपत्र आएको हुँदैन । एकदिन आफू पनि बिरामी भएकीले अस्पताल पुगरे थाक्दै फर्किएकी थिइन् । त्यसैबेला बुढा बाउको मृत्युको खबर सुन्दा उनलाई रात बिताउन निकै गाह्रो हुन्छ । भोलिपल्ट सबेरै पथरीतर्फ लाग्छिन् तर नेपाल बन्दका कारण यातायात चलेको हुँदैन । कसैसँग साइकलका पछाडि बसेर दमक ओर्लिए पनि त्यहाँबाट उनी पैदलै पथरीसम्म पुग्छिन् । बल्लतल्ल छाप्रो नं.५५ पुग्दा त्यहाँ सुनसान देखेपछि उनी डाँस खोलातर्फ लाग्छिन् र त्यहीँ एउटा चिताको धुवाँमा आफ्ना बाउलाई अन्तिम बिदाइ गर्छिन् । त्यसपछि तेह्र दिनको काजकिरिया सकेर उनी घर फर्किँदा लोग्ने सिकिस्त बिरामी भई फर्किन चाहेको खबर सुन्न पुग्छिन् । नभन्दै दुई महिनापछि ब्लड क्यान्सरका रोगी बनेर आफ्ना लोग्ने आइपुग्छन् तर उनलाई आम्दा अस्पताल दमकमा राखेर उपचार सुरु गरिन्छ । उपचार खर्चका लागि बाटामा मागेर रकम सङ्कलन गरिरहँदा एक दिन पढ्दाकी तर हाल गोल्धाप शिविरकी साथी रोमाले भेटेर उनलाई सगाउँछिन् । तर, थप उपचारका लागि भारतको बैङ्लोर पुऱ्याउनुपर्ने अवस्था आउँछ । उनी एक्लै हिम्मत गरेर एम्बुलेन्स, रेल आदि साधनका माध्यमबाट बैङ्गलोर त पुग्छिन् तर त्यहाँ पुग्नासाथ लोग्नेको मृत्यु हुन्छ । पीडामाथि पीडा थपिएपछि उनी जसोतसो २०००० भारतीय रुपियाँ तिरेर मृत लोग्नेलाई त्यतै जिम्मा लगाई एक्लै घर फर्किन्छिन् ।

एकपछि अर्को गर्दै गङ्गाको जीवनले नयाँ परिघटनालाई बेहोर्नुबाहेक कुनै विकल्प रहँदैन । अब जता गए पनि समाजले विधवा आई र अनिष्ट हुने भयो भन्ने खालका वाक्यहरू सुनिन थालेका छन् । घरमा पनि छोरो मार्ने आरोप लाग्न थालेको छ । उनलाई बाल्यकाल र बुबासँगका ती दिनहरू झलझली स्मरणमा आइरहन्छन् । एकदिन एउटी दिदी आएर पुराना कुरा बिर्सिन आग्रह गर्छिन् । त्यस्तै टिमाइ शिविरबाट आएको रमेशले समेत शरणार्थीको सङ्घषलाई सुनाउँदै आइओएममा फारम भर्ने कुरा सुनाउँछ । रमेशसँगको गफलाई डम्बरी कार्कीजस्ताले नराम्रो नजरले हेरेका हुन्छन् । दिन बित्दै जान्छ र डिल्लीराम तथा बुद्धिमान्‌हरूबाट भुटानको विगतको सङ्घर्षबारे थप जानकारी सुन्न पाउँछिन् । त्यसैक्रममा जन्तरी दिदीले फारम भर्न आग्रह गर्छिन् । कुमारी दिदीसँग पैसा निकाल्न जाँदा पनि उनले फारम भर्ने आग्रह गर्छिन् । धेरै शुभेच्छुकहरूको बारम्बारको आग्रह र आफ्नो वर्तमान जीवन पनि अन्योल हुँदै गएको अवस्थामा उनी भोलिपल्ट आइओएममा

फारम भर्न जान्छिन् । नभन्दै स्वीकृति आउँछ र धुलाबारी बसाइपछि काठमाडौँका लागि उडान गर्छिन् । त्यसपछि काठमाडौँको बाँसबारीमा दुई दिन बसेर उनी अमेरिकातर्फको उडानका लागि अगाडि बढ्छिन् ।

गङ्गाका लागि नेपाल छोड्नु पर्दाका पीडाहरू त्यस्तै छन् । त्यसमा पनि नयाँ ठाउँ अमेरिकाका सम्भावित चुनौतीहरू पनि त्यत्तिकै नजिकमा छन् । एक रात दुबईको बसाइपछि उनी अमेरिकका सियाटलमा ओर्लिन्छिन् । त्यहाँ उनका लागि देवले नै बस्ने खाने व्यवस्था मिलाएका रहेछन् । उनले नै सियाटल एयरपोर्टबाट लिएर गङ्गालाई सहयोग गर्न थाल्छन् । पहिलो पटक नयाँ ठाउँका फरक अनुभूतिहरूबाट गङ्गा प्रभावित हुँदै जान्छिन् । एक महिनापछि दुवैको विवाहले गङ्गाको जीवनमा झन् नयाँ मोड लिन पुग्छ । आज त्यसको पनि एक वर्ष बितिसकेको छ । गङ्गाले नयाँ सन्तानको सङ्घारमा सुन्दर पारिवारिक जीवन बिताइरहेकी छन् ।

सीमान्तीयता र उत्पीडन

नेपाली डायस्पोरिक उन्यासमा पाइने अभिलक्षणहरूमध्ये सीमान्तीयता, उत्पीडन र एकसूत्रताको खोजीजस्ता विषयहरू पनि पर्ने गर्छन् । यिनका आधारमा छाप्रो नं ५५ मा विश्लेषण गर्दा पर्याप्त मात्रामा त्यस्ता अभिलक्षणहरू देखापर्छन् । उपन्यासकी मूल स्त्री चरित्र अर्थात् नायिका गङ्गा परम्परित सामाजिक हिन्दु मान्यताअनुसार तल्लो वर्गमा राखिने दमाई जातकी प्रतिनिधि पात्र हुन् । उनलाई विभिन्न अवस्थामा समाजबाट तिरस्कृत वा बहिष्कार गरिएको पाइन्छ । दमाईकी छोरी भएकै कारण सबै साथीहरूसँग विद्यालयमा समेत उनी खेल्नबाट वञ्चित भएकी छन् । त्यस्तै नायक देव पनि विश्वकर्माको प्रतिनिधि भएकाले उनकी आमाले त्यहाँको सामाजिक मान्यताअनुसार तल्लो दर्जाका रूपमा अपमान र यातनासमेत भोग्नुपरेको छ । देवकी आमालाई एक जना साधुले यातनाका साथ दण्डजरिवाना समेत तिराएका छन् । जस्तै;

> “बिहानको मेरो पूजाको पानी यो कमिनीले छोई (पृ.६८) ।”

> “सानो जात भएकै कारण देवकी आमाले आज कुटाइ खाइन् । माफी पनि उनैले माग्नुपर्‍यो । चोखिने पैसा पनि उनैले तिर्नुपर्‍यो (पृ.६८) ।”

त्यसैगरी उपन्यासमा गङ्गाको आर्थिक अवस्था अत्यन्त दयनीय रहेको तथा देव पनि आर्थिक कमजोरीकै कारण बाग्लुङतर्फ गएको देखिन्छ । सीमान्तीयता वा अल्पसङ्ख्यक हुनुको पीडालाई दुवै परिवारले नमिठोसँग आत्मसात् गर्नुपरेको छ । त्यसरी नै यहाँ उत्पीडनका अनेकौँ प्रसङ्गहरूमध्ये भुटानबाट लखेटिएपछि भारतीय सुरक्षाकर्मीले समेत स्वदेश फिर्ता हुन नदिई नेपाली मूलका भुटानीहरूलाई मेचीपुलमै रोकेर दुर्व्यवहार गरेको कुरा उल्लेखनीय हुन आउँछ । बुद्धिमान्ले निरन्तर चस्मा लगाउनुको रहस्य पनि भारतीय सुरक्षाकर्मीद्वारा एउटा आँखामा चोट पुर्‍याउनु रहेको

देखिन्छ । अझ दक्षिणी भुटानमा हकअधिकारका लागि भएको आन्दोलनका क्रममा सरकारद्वारा गरिएको दमनले समेत अल्पसङ्ख्यकहरूको उत्पीडनलाई झल्काउँछ ।

गृहस्मृति र अतीतमोह

सफ्रान (सन् २००७) ले नै दोस्रो विश्वयुद्धपछि विश्वमा मानिसहरू एउटा देशबाट अर्को देशमा स्थानान्तरण भई उतै बस्ने प्रवृत्ति देखिएकाले डायस्पोराका दसओटा विशेषताहरू बताएका छन् । तिनमा पितृभूमिको सम्झना, अतीतस्मृति, नयाँ भूमिमा टिक्न सकिने कुराप्रतिको त्रास, पितृभूमि नै आदर्श हो भन्ने विश्वास, व्यवहारको साटासाट, भाषासंस्कृतिको प्रवर्द्धनमा जोड, अल्पसङ्ख्यक भए पनि स्वतन्त्रताको खोजी, नवीन सिर्जना र आत्मनिर्भरताको चाहना, पुर्खाको धर्मसंस्कृति आदिको प्रभाव, पितृभूमिको सेवाका लागि सधैँ समर्पण पर्दछन् । त्यसैले गृहस्मृति र अतीतमोहजस्ता अभिलक्षणहरू पनि नेपाली डायस्पोरिक उपन्यासमा पाइन्छन् । *छाप्रो नं.५५* समेत यस्ता अभिलक्षणबाट प्रभावित रहेको छ । यहाँ दुई पुस्ताको गृहस्मृति र अतीतमोहको सन्दर्भ गाँसिएको पाइन्छ । गङ्गाका बाउले दक्षिणी भुटानमा बिताएका विगतका दिनहरू अथवा बाउको पुस्ताले बेहोर्नुपरेको भुटानी जीवनगाथाहरू गृहस्मृतिका रूपमा आएका छन् । उनीहरूलाई आफ्नै घरगाउँको यादले पछिसम्म पनि सताउन छोडेको छैन । त्यस्तै अमेरिका पुगिसकेपछि समेत गङ्गालाई नेपालको त्यही छाप्रो नं ५५ को यादले सताइरहेकै छ । अतीतमोहको सन्दर्भ पनि गङ्गाका हरेक जीवनयात्रासँग गाँसिएर आएका छन् । बाउबाट अलग्गिँदा होस् कि लोग्नेबाट बिछोडिँदा होस् अथवा अमेरिकको बसाइका क्रममा नै किन नहोस् गङ्गाको मनमस्तिष्कलाई अतीतस्मृतिले प्रभाव पार्दै आएको छ र त्यसपति उनी मोहित पनि हुँदै आएकी छन् । जस्तै;

> "मलाई देवको प्रस्तावले रातभर निद्रा लागेन । शरणार्थीका छाप्राहरू सम्झेँ । छाप्राभित्र बिताएको बालापनलाई सम्झेँ । साथीसँगै बितेका पल र मरेको लोग्ने फेरि मनमा आइरहे (पृ.२२७) ।

उपन्यासका प्रायः प्रमुख तथा सहायक पात्रहरू यस्तै किसिमले गृहस्मृति र अतीतमोहबाट प्रभावित देखिन्छन् ।

अस्तित्वखोजी र एकसूत्रता

हरेक डायस्पोरिकले आफ्नो अस्तित्वको खोजी गरेका हुन्छन् र त्यसका लागि आफूहरूबिच एकसूत्रताको अभियान थालेका हुन्छन् । *छाप्रो नं.५५* उपन्यासमा भुटानी शरणार्थीको जीवन बिताउने अथवा दातृसमुदायबाट गाँसबासको राहत प्राप्त गर्ने हरेक अल्पसङ्ख्यक समुदायले आफ्नो अस्तित्वको खोजीलाई निरन्तरता दिइरहेकै छन् । त्यसैको परिणामस्वरूप शरणार्थी जीवन बिताउनुपरेको यथार्थ छँदै छ । त्यसमा पनि गङ्गा दमाई र देव विश्वकर्माजस्ता तिरस्कृत वर्गले त

छाप्रो नं. ५५ उपन्यासमा डायस्पोरिक प्रवृत्ति

आफूहरूबिच नै आस्तित्वको खोजीतर्फ लाग्नुपरेको छ । यद्यपि गङ्गाको जीवन यात्रामा एकदुई पटक एकसूत्रताको प्रयाससमेत नभएको होइन । उनलाई पिकनिकमा सहभागी गराइँदा होस् कि बाउको अन्त्येष्टि वा लोग्नेको उपचारका क्रममा आर्थिक सहयोग जुटाउँदा होस् आपसी एकसूत्रताको अभियानले सार्थकता पाएको छ । जस्तै;

"हामीहरू पीरव्यथाहरू बिर्सिएर डाँस खोलामा रमायौं । पिकनिकको नाममा । आफूले आफैलाई भुल्यौं (पृ.७९) ।"

"बिहेको रमझममा रमाएका आइमाईहरूलाई भ्याइनभ्याई थियो । कोही रोटी पकाउँदै थिए, कोही मस्किँदै थिए (पृ.११५-११६)।"

"मैले उपचार खर्चका लागि सबै क्याम्पका सेक्रेटरीहरूलाई भनेको छु । जतिसक्दो प्रत्येक क्याम्पको प्रत्येक सेक्रेटरबाट चामल, तेल, पैसा, जे जे भए पनि भोलिबाट उठाउन सुरु गर्छन् । अनि अर्को हप्ता लानुपर्छ (पृ.१६०) ।"

"सोचेँ, म हेपिन्नँ । बरु लड्छु जातीय विभेदका विरुद्धमा । मेरा बाउ पनि हेपिएका छन् । म पनि दमाईँ न हुँ (पृ.७०) ।" त्यस्तै आइओएममा फारम बुझाउन लगाउने क्रममा समेत गङ्गाले आपसी सहयोगको वातावरण पाएकै छिन् ।

द्वैध मानसिकता र द्वैध संस्कृति

डायस्पोराको मन पैतृक भूमितिर हुन्छ तर बुद्धि नवभूमिमा प्राप्त हुने अवसर र लाभतिर हुन्छ । तसर्थ, यी जातिलाई मन र मस्तिष्कको मनोवैज्ञानिक विभाजनले सधैँ दोधारमा पारिरहन्छ (राई र तेम्बे, २०७२) । एउटा निश्चित वातावरणबाट अर्को वातावरणमा रूपान्तरित हुँदाका अवस्थामा डायस्पोरिक नेपालीले द्वैध मानसिकता तथा द्वैध संस्कृतिलाई आत्मसात् गर्नुको विकल्प रहँदैन । *छाप्रो नं.५५* मा नेपाली मूलका भुटानीहरूले नेपालमा शरणार्थी जीवन बिताइरहँदा र तिनै शरणार्थीले अमेरिकामा नयाँ जीवन बिताउनुपर्दाको अवस्थामा मानसिकता र सांस्कृतिक पक्षमा द्वैधता सिर्जना भएको यथार्थलाई समेटेको पाइन्छ । भुटानबाट नेपाल आइसकेपछि त्यहाँको भन्दा यहाँ झनै कष्टकर जीवन बिताइरहनुपर्दा त्यहाँ र यहाँका बिच आपसी उपलब्धि र कार्यहरूमा द्वैधताको स्थिति सिर्जना भएको देखिन्छ । यो एक किसिमको विभाजित मानसिकता पनि हो । त्यहाँको ठिक कि यहाँको ठिक भन्ने अन्योलता लामो समयसम्म कायमै देखिन्छ । यहाँसम्म कि झन्डै दुई दशक लामो अवधिसम्म नेपालमै बस्नुपर्दा पनि भुटानी जीवनका उपलब्धिबारे सही मूल्याङ्कन हुन सकिरहेको छैन । धेरैजसो अमेरिका वा अन्य मुलुकका लागि प्रवासन भइरहँदा समेत केही व्यक्तिहरू भुटानै मूल थलोको मानसिकतामा रहेका देखिन्छन् । त्यस्तै भुटानबाट जन्मजात

रूपमा ग्रहण गर्दै आएको परम्परा र संस्कृतिले नेपाली बसाइका क्रममा खासै फरक नपारे पनि अमेरिका पुगिसकेपछिको अवस्थामा सांस्कृतिक द्वैधताको परिस्थिति सिर्जना भएको छ ।

जस्तै;

"हुन त अमेरिका पनि कहाँ सजिलो होला र ? अर्काको देश, पसिना चुहाउँदै रोजीरोटी जोड्नुपर्छ (पृ.१९०) ।"

"एउटा सपना बोकेर घरदेखि बाग्लुङ गएको थिएँ । मलाई के थाहा, सपनाको कुहिरोभित्र हराइन्छ भनेर (पृ.२२१)।"

यस्ता अनेकौं उदाहरणका आधारमा प्रस्तुत उपन्यासमा द्वैध मानसिकता तथा द्वैध संस्कृतिको प्रवृत्ति विद्यमान रहेको पाइन्छ ।

रोमाञ्च र एकान्तिकता

छाप्रो नं ५५ मा अन्य नेपाली डायस्पोरिक उपन्यासमा जस्तै रोमाञ्च र एकान्तिकताजस्ता सन्दर्भहरू पनि गाँसिएर आएका छन् । गङ्गा र देवका बिचको पहिलो प्रेमिल वातावरणले निश्चय नै रोमाञ्चको सन्दर्भलाई सङ्केत गरेको पाइन्छ । त्यस्तै पछिल्लो चरणमा पनि तिनै दुई जनाका बिच समुद्री किनारमा रोमाञ्चक अनुभूतिहरू आत्मसात् गरेका छन् । त्यसैगरी यहाँ एकान्तिकताका सन्दर्भहरूले गङ्गाको जीवनका हरेक मोडहरूमा प्रभाव पार्दै लगेको पाइन्छ । जातीयताका आधारमा गरिएको विभेद, बाउको बुढ्यौलीपन र अभाव, देवले घर छोड्दाको अवस्था, हर्कबहादुरको गुजरात प्रस्थान र शून्यता, शिथिलता र बाउको मृत्यु, छोरो मारेको आरोप र तिरस्कार आदि अनेक परिघटनाहरूमा गङ्गाले बारम्बार एकान्तिकताको शरण लिँदै आएकी छन् । यसरी अन्य सन्दर्भहरूमा समेत रोमाञ्च र एकान्तिकताका प्रसङ्गहरू समेटिएका छन् ।

यसरी छाप्रो नं. ५५ मा अनेक किसिमका डायस्पोरिक अभिलक्षणहरू धेरथोर रूपमा पाइन्छन् । यद्यपि अन्य सबै नेपाली डायस्पोरिक उपन्यासमा भएका अभिलक्षणहरू यसमा नसमेटिएका होलान् तापनि यहाँ उल्लिखित अभिलक्षणहरू नै प्रमुख रूपमा प्रतिविम्बित हुँदै आएका छन् ।

जस्तै; "देवमा मात्र ध्यान गएछ । उसको स्पर्शभित्र म हराएकी थिएँ । गीतपछि फिल्ममा ध्यान दिएँ (पृ.८८) ।"

"मचाहिँ धुमधुम्ती एक्लै बसिरहेँ । कसैँसँग सोचाइ मिल्दैन, कसैसँग कुरा मिल्दैन र कसैँसँग बोल्न मन लाग्दैन । म एक्लै यस भिडभित्रको एकान्तमा जिन्दगीको परिभाषा खोज्दै थिएँ (११६)।" उल्लिखित उदाहरणहरूबाट उपन्यासभित्रको रोमाञ्चक तथा एकान्तिक प्रवृत्ति विद्यमान रहेको प्रस्ट हुन्छ ।

निष्कर्ष

नवोदित उपन्यासकार रमेश दियालीको पहिलो डायस्पोरिक उपन्यास छाप्रो नं.५५ हो । यसमा एकातिर भुटानबाट नेपालमा नयाँ परिवेशका साथ डायस्पोरिक जीवनलाई बिताउनुपर्दा र नेपालबाट अमेरिकामा पुनः नयाँ जीवनशैली अपनाउनुपर्दाको दोहोरो किसिमको डायस्पोरिक अवस्थालाई समेटिएको पाइन्छ । यद्यपि नेपाली डायस्पोरिक उपन्यासका लागि सङ्केत गरिएका सबै किसिमका डायस्पोरिक मान्यताहरू यसमा समान किसिमले समेटिएका छैनन् तापनि धेरैजसो अभिलक्षणहरू प्रतिविम्बित भएका छन् । यहाँ गृहदेशको स्मरण गरिएको छ; अतीतका यादहरू समेटिएका छन्; सीमान्तीकृत वा अल्पसङ्ख्यकको पीडा ओकलिएको छ र अस्तित्वको खोजी तथा एकतासूत्रको अभ्यासलाई दर्साइएको छ । त्यस्तै द्वैध मानसिकता वा विभाजित मनोदशा र द्वैध संस्कृतिलाई झल्काइएको छ । जीवन सङ्घर्षका मोडहरू, घात प्रतिघातहरू, चुनौती र उपलब्धिहरू आदि अनेक प्रसङ्गहरू समेत यहाँ गाँसिएका छन् । यसप्रकार प्रस्तुत उपन्यास दोहोर नेपाली डायस्पोरिकताका पर्याप्त अभिलक्षणहरूबाट प्रभावित हुनाका साथै यसले नेपाली डायस्पोरिक उपन्यासका क्षेत्रमा विशिष्ट पहिचान बनाएको कुरा स्पष्ट हुन्छ । यद्यपि भुटानबाट लखेटिँदै नेपालको शरणार्थी जीवन बिताउँदाका प्रसङ्गहरूले नै औपन्यासिक विषयको अत्यधिक आयतन समेटेको हुँदा यसलाई नयाँ किसिमको नेपाली डायस्पोरिक उपन्यासका रूपमा व्याख्या गर्नुपर्ने आवश्यकता छँदै छ ।

सन्दर्भसूची

गौतम, लक्ष्मणप्रसाद (२०७०), *नेपाली साहित्यमा उत्तरआधुनिकता,* (दोस्रो संस्क.), काठमाडौँ : ओरियन्टेसन हाउस प्रा.लि. ।

दियाली, रमेश (२०७५), *छाप्रो नं ५५,* काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* काठमाडौँ : मोडर्न बुक्स ।

भट्टराई, गोविन्दराज, “साहित्यमा डायास्पोरा : सिद्धान्त र समालोचनाको स्वरूप”, *रश्मि,* २५ :१. (२०६६) पृ.११-३० ।

राई, पुरण (२०६९), *डायस्पोरा : लाहुरे स्रष्टा र कविता,* काठमाडौँ : डायस्पोरा अध्ययन प्रतिष्ठान ।

राई, रक्ष र तेम्बे मिजास (२०७२), *डायस्पोरा सिद्धान्त रचना र समालोचना,* ? : गोर्खा बुक्स पब्लिकेसन प्रा.लि ।

लुइटेल, खगेन्द्र (२०७९), *डायस्पोराको सैद्धान्तिक स्वरूप,* काठमाडौँ : पैरवी प्रकाशन ।

सुवेदी, होम, समुद्रपारका समालोचना, वासिङ्टन डिसी : अन्तर्राष्ट्रिय नेपाली समाज, २०६५ ।

Cohen, Robin, Global Diaspora: An introduction. 2nd ed. London and New York: Routledge, 2008.